# गोठ सुधार कार्यक्रम संचालन कार्यविधि-२०८०

गाउँ कार्यपालिकाको मिति २०८०/११/३० को निर्णयबाट स्वीकृत

## बर्जु गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

अमाहिवेल्हा, सुनसरी

कोशी प्रदेश, नेपाल

# गोठ सुधार कार्यक्रम संचालन कार्यविधि-२०८०

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/११/३०**
**प्रमाणीकरण मितिः २०८०/१२/१३**

**पृष्ठभूमिः**

कृषि व्यवसायलाई दिगो र उत्पादनशील बनाउन गुणस्तरीय प्रांगारिक वस्तुको आवश्यकताको विकल्प छैन। पशुहरुबाट निस्केका मल र पिसाबलाई व्यवस्थित गर्नु र गाई/भैंसीको थलो सुधार गर्नु पशुपालनको एक महत्वपूर्ण पाटो हो। तसर्थ गाउँपालिका भित्र गाई/भैंसी पालन गरिरहेका कृषकहरुको उत्पादन र उत्पादकत्व वृद्दी गरि कृषि तथा पशुपालन व्यवसायलाई व्यवसायीकरण र आधुनिकीकरण साथै प्रांगारिक मलको प्रयोगलाई प्रोत्साहन गर्न गाउँपालिकाबाट स्वीकृत गोठ सुधार कार्यक्रम संचालन गर्न बर्जु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट यो कार्यविधि जारि गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **सन्क्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "गोठ सुधार कार्यक्रम संचालन कार्यविधि-२०८०" रहेको छ।

(ख) यो कार्यविधि बर्जु गाउँपालिका, गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

(ग) यो कार्यविधी बर्जु गाउँपालिका भर लागु हुनेछ।

## परिच्छेद-२
## परिभाषा

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) **"गाउँपालिका"** भन्नाले यस बर्जु गाउँपालिकालाई जनाउँदछ।

(ख) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले बर्जु गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(ग) **"शाखा प्रमुख"** भन्नाले बर्जु गाउँपालिकाको पशु सेवा शाखाको प्रमुख सम्झनु पर्छ।

(घ) **"गाउँ कार्यपालिका"** भन्नाले बर्जु गाउँपालिका, गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ङ) **"समिति"** भन्नाले छनौट समिति सम्झनु पर्छ।

(च) **"कृषक"** भन्नाले गाई/भैंसी पालनमा संलग्न व्यक्तिलाई जनाउँछ।

(छ) **"पशु"** भन्नाले गाई/भैंसीलाई जनाउंछ।

३. **उधेश्यहरुः**

(क) कृषकहरुले पालन गरेको गाई/भैंसीको लागि व्यवस्थित गोठ निर्माण गरि रोगहरुको न्यूनीकरण, लागत कम र उत्पादन वृद्दी गर्नु।

(ख) मल मुत्रको सदुपयोग गरी प्रांगारिक मल उत्पादनमा टेवा पुर्याउनु।

(ग) दिगो कृषि र प्रांगारिक खेतीमा जोड दिई रासायनिक मलको प्रयोगलाई निरुत्साहित गर्नु।

(घ) कृषि क्षेत्रमा लगानी बढाई व्यावसायिकता र उधमशिलताको प्रवर्द्धन गर्नु।

## परिच्छेद-४
## छनौट प्रकृया

४. **छनौट समितिः**

छनौट समिति देहाय बमोजिमको हुनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी - संयोजक

(ख) योजना शाखा प्रमुख - सदस्य

(ग) प्राविधिक शाखा प्रमुख - सदस्य

(घ) सम्बन्धित विषयगत समितिको संयोजक - सदस्य

(ङ) पशु सेवा शाखा प्रमुख - सदस्य सचिव

५. **छनौट समितिको काम, कर्तव्य र अधिकारः**

छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ;

(क) प्रकाशित सुचना अनुसार प्राप्त निवेदनका आधारमा लाभाग्राहिको प्राथमिकीकरण गर्ने,

(ख) लाभाग्राहिको छनौट गर्ने,

(ग) कार्यक्रम सम्झौता गरि कार्यान्वयनको चरणमा लैजाने,

(घ) समितिको बैठक सम्बन्धि प्रावधान समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

६. **छनौट प्रकृयाः**

(क) रित पुर्वक पेश हुन आएका आवेदनहरुको अनुसूची-३ अनुसार मुल्यांकन गरि प्राप्त नतिजाको आधारमा लाभग्राही छनौट गरिनेछ।

७. **संचालन विधिः**

(क) आवेदन पेश गर्नको लागि कम्तिमा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

(ख) आवेदकले अनुसूची-१ बमोजिम निवेदन र अनुसुचि-२ बमोजिमको प्रस्ताव पत्र पेश गर्नु पर्नेछ।

(ग) अनुसूची-३ अनुसारको मुल्यांकन फारमको आधारमा छनौट समितिले अनुदानग्राही छनौट गर्नेछ।

(घ) छनौट भएका कृषक, कृषि फर्म, कृषि समुह र सहकारी संग अनुसूची-४ बमोजिम सम्झौता गरि कार्यक्रम कार्यन्वयन गरिनेछ।

(ङ) सम्झौता भईसकेपछि छनौटमा परेका कृषकले प्राविधिक ईष्टमेट बमोजिम गोठको मर्मत गर्ने, वस्तु बस्ने ठाउँ ढलान गर्ने, पिसाब बग्ने नाली तयार गर्ने तथा पिसाब जम्मा हुने ट्यांकी निर्माण गर्ने, छाना मर्मत गर्ने जस्ता कार्य गर्नु पर्नेछ।

(च) गोठ सुधार कार्यक्रमको लागि गाउँपालिका कार्यालयबाट ७०% अनुदानमा प्रति कृषक बढीमा रु.१,००,०००|०० का दरले अनुदान प्रदान गरिने छ र कृषकले कम्तिमा ३०% बराबरको रकम साझेदारी/ जनश्रमदान गर्नु पर्नेछ। अनुदान रकममा नियामानुसार कर कट्टी गरिने छ।

८. <u>अनुदान रकम र भुक्तानी प्रकृया:</u>

(क) कार्यक्रम संचालनको लागि छनौटमा परेका लाभाग्रागीलाई पेश्की रकम उपलब्ध गराईने छैन र अन्य आवश्यक श्रोत/साधन आवेदक आफैंले व्यवस्थापन गरी कार्यक्रम संचालन गर्नु पर्नेछ।

(ख) कार्य सम्पन्न भए पश्चात तपशिलका कागजातहरु गाउँकार्यपालिकाको कार्यालयमा पेश गरे पछी नियमानुसार अनुदान रकम एकमुष्ठ भुक्तानी गरिने छ।

<u>तपशिल</u>

(क) वडा कार्यालयको अन्तिम भुक्तानीका लागि सिफारिसको सक्कल प्रति

(ख) वडा स्तरीय अनुगमन प्रतिवेदनको सक्कल प्रति

(ग) आवश्यक विल, भरपाई

(घ) अनुदान कार्यक्रम संचालन भएको स्थानको फोटो ३ प्रति (अनुदानग्राही र गोठ समेत झल्कने)

(ङ) कार्यसम्पन्न भएको प्राविधिक प्रतिवेदन

(च) भुक्तानीको लागि निवेदन

९. <u>अनुगमन तथा मुल्यांकन:</u>

अनुगमन तथा मुल्यांकन समिति देहाय बमोजिम रहने छ र समितिले आवश्यकता अनुसार संचालित कार्यक्रमको अनुगमन तथा मुल्यांकन गर्न सक्नेछ।

(क) गाउँपालिकाको उपाध्यक्ष - संयोजक

(ख) आर्थिक विकास समिति संयोजक -सदस्य

(ग) आर्थिक प्रशासन/ लेखा शाखा प्रमुख -सदस्य

(घ) सामान्य प्रशासन शाखा प्रमुख -सदस्य

(ङ) पशुपन्छी विकास शाखा प्रमुख -सदस्य

१०. <u>भुक्तानी दिन बाध्य नहुने:</u>

(क) सम्झौता बमोजिम कार्य सम्पन्न नगरेमा गाउँपालिकाले त्यस्ता अनुदानग्राहीलाई भुक्तानी दिन बाध्य हुने छैन।

(ख) सम्झौतामा उल्लिखित अवधि भित्रमा कार्यसम्पन्न गरि भुक्तानी लिन नआएमा भुक्तानी दिन बाध्य हुने छैन।

## परिच्छेद-६
## विविध

११. <u>प्रचलित कानुन बमोजिम हुने:</u>

यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

१२. <u>बाधा अड्काउ फुकाउः</u>
यो कार्यविधि कार्यन्वयनमा कुनै बाधा अड्काउ आईपरेमा छनौट समितिले बाधा अड्काउ फुकाउन सक्ने छ।

१३. <u>संशोधनः</u>
यस कार्यविधि संशोधन तथा खारेजी सम्बन्धि सम्पूर्ण अधिकार बर्जु गाउँपालिकामा निहित रहने छ।

## अनुसूची-१
## (दफा ७ (ख) संग संबन्धित)
## अनुदान कार्यक्रम माग गर्न पेश गर्ने निवेदनको ढांचा

मितिः...................................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यु,
बर्जु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अमाहिवेल्हा, सुनसरी

विषयः गाई/भैंसी गोठ सुधार कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेको बारे।

उपरोक्त सम्बन्धमा बर्जु गाउँपालिका, पशु सेवा शाखाबाट मिति ................................ मा प्रकाशित सुचना अनुसार ........................................................................................ शिर्षकको अनुदान कार्यक्रम संचालन गर्न तपशिलका कागजातहरु सहित यो निवेदन पेश गर्दछु।

संलग्न कागजातहरु:

१. ना.प्र.प.को प्रतिलिपि
२. विगत तिन आर्थिक वर्षमा यस कार्यालयबाट यस्तै प्रकृतिको अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र
३. आवेदकले आफुले संचालन गर्ने वा गरिरहेको व्यवसायको परियोजना प्रस्ताव
४. सम्बन्धित वडा कार्यालयको सिफारिस (पेश गरेको कार्यक्रम संचालन गर्न आवश्यक र सक्षम भए नभएको व्यहोरा खुलेको)
५. घरेलु तथा साना उधोगमा दर्ता/ नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपी
६. स्थाई लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि
७. पुरानो फर्मको हकमा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
८. फार्म वा व्यवसाय संचालनमा रहेको जग्गा धनि प्रमाणपुर्जाको प्रतिलिपि र जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षका लागि भाडामा लिएको खुल्ने कागजातको प्रतिलिपि
९. सम्बन्धित विषयमा तालिम लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपि

निवेदकको
दस्तखत :...................................
नाम थर :...................................
ठेगाना :...................................
सम्पर्क नं.:..................................
छापः

## अनुसूची-२
## प्रस्ताव पत्र

### १. आवेदक र सम्पर्क व्यक्ति सम्बन्धि विवरणः

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| आवेदक संस्थाको किसिम (कुनै एकमा चिन्ह लगाउने) | १. कृषक समुह<br>२. सहकारी<br>३. दर्तावाल फर्म<br>४. कृषक |
| प्रोप्राईटर वा अध्यक्षको नाम | |
| संस्था दर्ता भएको मिति | |
| स्थाई लेखा नं. | |
| संस्थाको मुख्य उधेश्य | |
| कार्यक्रम संचालन हुने स्थान | |
| अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भईरहेको भए, कुन संस्थाबाट के उधेश्यको लागि वित्तीय सहयोग प्राप्त गर्नु भएको, खुलाउनुहोस | |
| विगत २ वर्षमा बर्जु गाउँपालिका वा अन्य कुनै निकायबाट अनुदान प्राप्त गरेको भए सो को विवरण | |
| | |

### २. हालको व्यावसायिक विवरणः

| क्र.सं. | व्यवसाय | संख्या | उत्पादन परिमाण | उत्पादन मुल्य | प्रविधि प्रयोग | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

३. क्रियाकलापको विवरणः

| क्र.सं. | क्रियाकलापको विवरण | परिमाण | अनुमानित लागत | | कुल रकम | सम्पन्न गर्न लाग्ने अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | आफुले व्यहोर्ने | माग गरिएको | | | |
| पुंजीगत तर्फ | | | | | | | |
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| अन्य कार्यहरु | | | | | | | |
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |

४. कार्यक्रम संचालनबाट प्राप्त उपलब्धिहरुः

५. बजार योजनाः

६. नवीनतम सोच र दिगोपनाः

<u>अनुसूची-३</u>

<u>(दफा ७ (ग) संग सम्बन्धित)</u>

<u>मुल्यांकन फारम</u>

| क्र.sankसं. | कार्यक्रम छनौट तथा मुल्यांकनका आधारहरु | अंक (१००) | | |
|---|---|---|---|---|
| १. | माउ गाई/ भैंसी संख्या | ५-१० वटाको लागि ५<br>११-२० वटाका लागि १०<br>२१ वटा भन्दा बढी २० | | |
| २. | लागत साझेदारी | ३०% मात्र - ०<br>५०% मात्र – ५<br>१००% मात्र -१० | | |
| ३. | व्यावसायिक घाँस खेति गरिने जग्गाको क्षेत्रफ़ल | ५-१० माउको लागिः<br>५ कठ्ठा -०<br>८ कठ्ठा -५<br>१० कठ्ठामाथि -१० | ११-२० माउको लागिः<br>११ कठ्ठा -०<br>१५ कठ्ठा -५<br>१ विघामाथि -१० | २१ माउ माथिका लागिः<br>२० कठ्ठा – ०<br>४० कठ्ठा – ५<br>६० कठ्ठामाथि-१० |
| ४. | सम्बन्धित विषयमा ७ दिन भन्दा बढी तालिम लिएको | ७ दिन वा सो भन्दा बढी तालिम लिएको -१०<br>७ दिन भन्दा कम तालिम लिएको – ५ | | |
| ५. | अघिल्लो आ.व. मा कुनै कार्यालयबाट अनुदान लिए/ नलिएको | नलिएको - १०<br>उल्लिखित क्रियाकलाप भन्दा फरक प्रकृतिको क्रियाकलाप गर्नको लाही लिएको – ५ | | |
| ६. | लक्षित वर्ग | दलित -१५, जनजाति – १० र अन्य -५ | | |
| ७. | प्रस्तावकको मुख्य पेशा | मुख्य पेशा भएमा – १०<br>सहायक पेशा भएमा – ५ | | |
| ८. | फर्म दर्ता भएको | ३ वर्ष भन्दा बढी भएको – १५<br>१ वर्ष देखि ३ वर्ष भएको – १०<br>१ वर्ष भन्दा कम समय भएको – ५ | | |

## अनुसूची-४

## गाई भैंसी गोठ सुधार कार्यक्रमका लागि सम्झौता पत्रको ढांचा

### सम्झौता पत्र

श्री बर्जु गाउँपालिका (यस पछी पहिलो पक्ष भनिने) र सुनसरी जिल्ला, बर्जु गाउँपालिका वडा नं................ स्थित .................................... मा स्थापना भएको श्री ............................................................ फर्मका प्रोप्राईटर श्री ............................................. (यस पछी दोश्रो पक्ष भनिने) बीच साझेदारी/ सहकार्यमा आ.व. २०८०/०८१ को स्वीकृत गोठ सुधार कार्यक्रम बर्जु गाउँपालिका भर संचालन गर्न तपशिल बमोजिमका शर्तका अधिनमा रही यो सम्झौता-पत्रमा हस्ताक्षर गरि लियौं/दियौं।

तपशिल

१. यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ।

२. दोश्रो पक्षले स्थापना वा मर्मत सुधार गरेको गोठमा कूल लागत मध्ये बढीमा १,००,०००|०० (अक्षरेपी एक लाख रुपैंया मात्र) अनुदान स्वरूप पहिलो पक्षले दोश्रो पक्षलाई उपलब्ध गराउने छ। अनुदान रकम र लागत साझेदारी वापतको रकम व्यवसायी स्वयंले लगानी गरेको प्रष्ट हुने विल भरपाई पेश गर्नुपर्नेछ।

३. गोठ सुधार तथा मर्मतका क्रियाकलापहरु दोश्रो पक्षले पहिलो पक्षको सहयोग लिई आफैं संचालन गर्नु पर्नेछ।

४. सम्झौता भएको मितिले ७ दिन भित्र गोठ सुधारको कार्य सुरु गरी सक्नु पर्नेछ। यदि कार्य सुरु नभएमा सम्झौता स्वत रद्द हुनेछ।

५. दोश्रो पक्षले मिति ......................................................... भित्र गोठ सुधार तथा मर्मतको कार्य सम्पन्न गरि सक्नु पर्नेछ

६. काम सम्पन्न भए पश्चात दोश्रो पक्षले उल्लिखित कागजातहरु सहित गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ।

(क) वडा कार्यालयको अन्तिम भुक्तानीका लागि सिफारिसको सक्कल प्रति

(ख) वडा स्तरीय अनुगमन प्रतिवेदनको सक्कल प्रति

(ग) आवश्यक विल, भरपाई

(घ) अनुदान कार्यक्रम संचालन भएको स्थानको फोटो ३ प्रति (अनुदानग्राही र गोठ समेत झल्कने)

(ङ) कार्यसम्पन्न भएको प्राविधिक प्रतिवेदन

(च) भुक्तानीको लागि निवेदन

(छ) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले कार्यसम्पन्न भएको निर्णयको प्रतिलिपि

<u>छनौट भएका व्यवसायीले गर्न चाहेका मुख्य मुख्य कामहरुः</u>

| क.सं. | कामको विवरण | लागत | सम्पन्न गर्ने मिति |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

७. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागु हुनेछ।

प्रथम पक्षको तर्फबाट
नामः
पदः
संस्थाको नाम र छापः
मितिः

दोश्रो पक्षको तर्फबाट
नामः
पदः
संस्थाको नाम र छापः
मितिः

रहोबरः
नामः
ठेगानाः
पदः